अनुसुची-१६

(दफा ३३ को उप-दफा २ ...)

## मुलपानी सामुदायिक उपभोक्ता समूह,जानकी ९ कैलाली

## सिकाकाई बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

उपाध्यक्ष

**प्रथम पटक प्रकाशन मिति :२०७९/८/१६ गते**

मुलपानी सामुदायिक वन उपभोक्ता समूहको वनवाट उत्पादित समूको घाटगद्दीमा सिकाकाई जे जस्तो अवस्थामा छ ,सोही अवस्थामा आफनै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति,संघ,संस्था,फर्म वा कम्पनीले यो सूचना सौर्य दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दिको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपशिल

**१ वन पैदावारको विवरण :-**

| वन पैदावारको | | | | | | मुल्यांकन रु. | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | लट नं. | जात | किसिम | थोंगा थान | परिमाण | न्युनतम मुल्य प्रति के.जि रु | सकलन खर्च प्रति के.जि रु |
| १ | १ | सिकाकाई | फल | ११६ | ४५४७.३० /- | ४ /- | ४५ /- |

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति :२०७९।९।०८ ख) समय दिउसो ३:०० बजे सम्म

३ बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लि.शाखा टिकापुरमा रहेको खाता नं. १०७००१०११३५०८६००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४ बोलपत्र फाराम प्रति लटको रु.१०००।-पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समूह , डिभिजन वन कार्यालय पहलमानपुरबाट खरिद तथा दाखिला गर्न सकिने छ ।

५ लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समूहको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

६ लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,करदर्ता प्रमाणपत्रको प्रतिलिपी,मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर(PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र डिभिजन वन कार्यालय पहलमानपुर कैलालीमा सूचिकृत भएको प्रमाणको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७ निर्धारित न्युनतम सख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०७९।९।१० मा दिउसो १२:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८ लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर,सकलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधी भित्र उठाइ लैजानु पर्नेछ ।

९ बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहने छ ।